जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ · स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ · अंक ३०३ · २०७९ साल असार ३२ गते शनिबार (16 July 2022 Saturday) · मूल्य रु. ५/-

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : सरकारको वर्ष दिन : पूरा हुँदै डिजिटल ३ पृष्ठमा : तराई-मधेसमा दैनिक ... ३ पृष्ठमाश्रीलंका राष्ट्रपतिको राजिनमा ...


# अदालतबाट न्याय पाउने विश्वास छ : निलम्बित मेयर

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

हाल निलम्बित रहेका राजविराज नगरपालिकाका मेयर भिमराज यादवले आफुलाई फसाउने षड्यन्त्र भएको बताएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा विशेष अदालतमा आरोपपत्र दायर भएपछि शुक्रबार आफ्नै निवासमा सञ्चारकर्मीहरुको जिज्ञासाको जवाफ दिँदै उनले यस्तो बताएका हुन् ।

आफु न्यू गहिल कन्स्ट्रक्शन निर्माण सेवाको सञ्चालक रहदा राजरंङ्गशालामा भएको काम स्तरीय रहेको दावी गर्दै उनले उक्त कुरालाई ब्यूँताएर आफुलाई फसाउने प्रयास भएको जिकिर गरे ।



सम्मानित अदालतबाट न्याय पाउने विश्वासका साथ उनले आफूमाथी भएको षड्यन्त्रबिरुद्ध सम्मानित अदालतबाट उचित न्याय मिल्ने जिकिर गरे ।

मेयरका रुपमा पद वहाली भएको २ महिनाभित्रै नगरपरिषद्बाट नगर क्षेत्रमा सीसी क्यामेरा र वाइफाइ जडान, म्यूजियम निर्माण, अन्डरग्राउण्ड पार्किङ, विपन्न परिवारलाई परिचय पत्र र राशन कार्ड वितरण लगायतका विभिन्न महत्वाकांक्षी विकासीय योजनाहरु स्वीकृत गराइ कतिपय योजनाको काम समेत सुरु भइसकेको अवस्थामा आफुमाथि षड्यन्त्र भएको उनको दावी छ ।

आर्थिक वर्ष ०७४/०७५ मा जिल्ला खेलकुद विकास समिति सप्तरीसँग न्यू गहिल कन्स्ट्रक्सन निर्माण कम्पनीले राजविराजस्थित राजरंङ्गशालखाको स्तरोन्नति कार्यको ठेक्का लिएको थियो । सो निर्माण कम्पनीका तत्कालिन सञ्चालक रहेका यादवले निर्धारित शर्त तथा मापदण्ड विपरित कार्य गरी काम गरेको भन्दा २ लाख ६३ हजार ४ सय ६८ रुपैयाँ ४० पैसा बढी भुक्तानी लिएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत बुधवार भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) अनुसारको विगो, कैद र जरिवानाको माग गर्दै विशेष अदालतमा आरोप पत्र दायर गरेको थियो ।

विशेष अदालतमा आरोप पत्र दायर भएपछि कानूनी व्यवस्थाअनुसार मेयर यादव हाल निलम्बित अवस्थामा छन् ।

# छोरामाथि कुटपिट भइरहदा जोगाउन गएकी आमाको कुटपिटबाट मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा शुक्रबार केटपिटबाट एक महिलाको मृत्यु भएको छ । छोरामाथि कुटपिट भइरहदा जोगाउन गएकी डाक्नेश्वरी नगरपालिका ८ प्रवाहा पट्टी टोलकी ६० वर्षीया जिरादेवी मण्डलको कुटपिटबाट मृत्यु भएको हो ।

प्राप्त घटना विवरण अनुसार विहिवार साँझ बजारबाट मल खरिद गरी आउदै गर्दा उनका छोरा मनोज चढेको साइकलबाट बाटोमा खेल्दै गरेका एक बालकलाई समान्य चोट लागेको थियो । सोही निहुँमा स्थानीय केही व्यक्ति मनोजमाथि कुटपिट गरिरहेको खबर पाएपछि बचाउन गएकी आमा जिरामाथि समेत कुटपिट गरिएको प्रहरीको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी माधवप्रसाद काफ्लेका अनुसार कुटपिटबाट गम्भीर घाइते भएकी जिरालाइ उपचारका लागि सदरमुकाम राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको हो ।

कुटपिटबाट मृतक महिलाका छोरा मनोज समान्य घाइते भएको प्रहरीले जनाउँदै कुटपिटमा संलग्नको पहिचान र खोजी कार्य भइरहेको जनाएको छ ।

# उपसभामुखमा पुष्पा भुसाल निर्वाचित

**दैनिक समाचारदाता**
**काठमाडौँ, ३१ असार ।**

प्रतिनिधिसभाको शुक्रबारको बैठकले उपसभामुख पदमा नेपाली काँग्रेसकी सचेतक पुष्पा भुसाल गौतमलाई निर्वाचित गरेको छ ।

भुसालको पक्षमा १ सय ४८ मत परेको थियो भने नेकपा एमालेकी विद्या भटराईको पक्षमा ९३ मत परेको थियो । बैठकमा जम्मा २ सय ४२ जना सांसदको उपस्थिति रहेको थियो ।

सांसद भुसालले प्राप्त गरेको मत प्रतिनिधिसभामा तत्काल कायमको संख्याको बहुमत भएकाले उनलाई उपसभामुख पदमा निर्वाचित भएको सभामुख अग्निप्रसाद सापकोटाले बैठकमा घोषणा गरेका थिए ।

तत्कालीन उपसभामुख डा शिवमाया तुम्बाहाम्फेले २०७६ साल माघ ६ गते आफ्नो पदबाट राजीनामा दिएपछि प्रतिनिधिसभाको उपसभामुख पद रिक्त रहेको थियो । करिब साढे दुई वर्षपछि प्रतिनिधिसभाले उपसभामुख पाएको हो ।

# थप २ सय २९ मा संक्रमण पुष्टि

काठमाडौँ, ३१ असार (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप २ सय २९ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । सो अवधिमा तीन हजार ७१८ जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार ६४४ जनाले पिसिआर र दुई हजार ६८ जनाको एन्टिजिन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

सो अवधिमा ४८ जना संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ६७ हजार ९०६ पुगेको छ । संक्रमणमुक्त हुने दर ९८ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा ८७ हजार ९७२ जनाले कोभिडविरुद्धको खोप लगाएका छन् । हाल सक्रिय संक्रमितको संख्या एक हजार २८४ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५२ पुगेको छ । होम आइसोलेशनमा एक हजार २४९, संस्थागत आइसोलेसनमा ३५, आइसियू १४ र भेण्टेलेटरमा एक जना संक्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्ला काठमाडौँ मात्रै रहेको छ । शून्य संक्रमित रहेका जिल्लामा ताप्लेजुङ, मनाङ, मुस्ताङ, जाजरकोट, डोल्पा, कालीकोट, मुगु, बाजुरा र डडेलधुरा रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा ७८६, ललितपुर ९० र भक्तपुरमा १९ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ । कुल संक्रमण दर १७ प्रतिशत छ ।

# डा. बाबुराम भट्टराईसहित नौ केन्द्रीय पदाधिकारीलाई सबै पदीय जिम्मेवारीबाट मुक्त




**दैनिक समाचारदाता**
**पर्सा, ३१ असार ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालका सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराईसहित नौ केन्द्रीय पदाधिकारीलाई सबै पदीय जिम्मेवारीबाट मुक्त गरिएको छ ।

वीरगञ्जमा जारी दुईदिने केन्द्रीय समितिको बैठकले पार्टीको हित र विधानविपरीतको कार्य गरेको भन्दै भट्टराईसहितका केन्द्रीय पदाधिकारीलाई पार्टीको पदीय जिम्मेवारबाट मुक्त गर्ने निर्णय गरेको जनाइएको छ ।

जसपा नेपालले शुक्रबार वीरगञ्जमा आयोजना गरेको पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै पार्टी अध्यक्ष उपेन्द्र यादवले पार्टीको नीति सिद्धान्त तथा विधानविपरीतको कार्य गरेको आरोप लगाउँदै नेताहरू डा भट्टराई, महेन्द्रराय यादव, गङ्गानारायण श्रेष्ठ, प्रसान्त सिंह, रमेश यादव, हिसिला यामी, भगतबहादुर साहसहित नौ जनालाई पदमुक्त गरिएको जानकारी दिएका छन् ।

उनले केन्द्रीय समितिको बैठकले सर्वसम्मतरूपमा पार्टीका वरिष्ठ नेता अशोक राईलाई पार्टीको सङ्घीय परिषद् अध्यक्षमा चयन गरेको बताए ।

बैठकले आगामी प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन कांग्रेससहितको पाँच दलिय गठबन्धनमै लड्ने निर्णय गरेको जानकारी दिँदै अध्यक्ष यादवले पार्टीको केन्द्रीय समिति पुनर्गठन र विधान संशोधन गर्ने निर्णय गरिएको बताए ।

कारवाही गरिएका व्यक्तिले गल्ती स्वीकार गर्दै आत्मलोचना गरी आए पार्टीको ढोका खुला राखिएको अध्यक्ष यादवको भनाई छ ।

जन ज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# सरकारको वर्ष दिन : पूरा हुँदै ‘डिजिटल नेपाल’ को योजना

**सुशील दर्नाल**

काठमाडौँ, ३१ असार (रासस) ।

वर्तमान सरकार गठन भएको वर्षदिनमा देशको सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ । विशेष गरी एक वर्षको अवधिमा सरकारले अघि सारेको ‘डिजिटल नेपाल’ को योजना पूरा गर्ने गरी आइसिटीको क्षेत्रमा महत्वपूर्ण सफलता हासिल गरेको छ ।

यही असार १९ गतेदेखि सूचना तथा प्रसारण विभागका सम्पूर्ण सेवा अनलाइनबाटै प्रदान गरिएको छ । विभागले प्रदान गर्ने बिआरएलएमएस, डिएमएस, सूचना व्यवस्थापन प्रणाली र क्यास एसएमएस अनलाइन प्रणाली सञ्चालनमा ल्याएको हो । विभागले अनलाइन सेवाअन्तर्गत सूचना व्यवस्थापन प्रणाली गत वर्षदेखि नै सुरु गरेको थियो । विभागले प्रेस प्रतिनिधि प्रमाणपत्र, परिचयपत्र जारी तथा नवीकरण, अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरण, पत्रपत्रिका तथा पत्रकारको अभिलेख व्यवस्थापन र सार्वजनिक सूचना व्यवस्थापन र वितरणलगायत सम्पूर्ण काम अनलाइन प्रणालीबाट गर्दै आएको विभागका महानिर्देशक गोगनबहादुर हमालले जानकारी दिनुभयो ।

विभागले चालु आर्थिक वर्षमा अनलाइनबाटै दुई हजार ९२ प्रेस पास वितरण गर्नुका साथै दुई हजार ५५७ प्रेस पास नवीकरण गरेको छ । त्यसैगरी चालु आवमा दर्ता ६६२, नवीकरण ६७७ गरी हालसम्म तीन हजार ४६३ अनलाइन दर्ता भइसकेको महानिर्देशक हमालको भनाइ छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले डिजिटल नेपालको योजना पूरा गर्ने उद्देश्यले सञ्चार मन्त्रालयका ९० प्रतिशत सेवा अनलाइनबाटै प्रदान गर्दै आएको जानकारी दिनुभयो । विसं २०२८ को राष्ट्रिय जनगणनामा कम्प्युटरको प्रयोगबाट डिजिटल यात्राको थालनी गरेको नेपालले अहिले मोबाइलको पहुँच शतप्रतिशत र इन्टरनेटको पहुँच करिब ६० प्रतिशत पुऱ्याएर डिजिटल माध्यमको क्षेत्रमा उल्लेख्य सफलता हासिल गरेको छ ।

सूचना तथा सञ्चार क्षेत्रको समग्र विकासको लागि नीतिगत, कानुनी र संरचनात्मक सुधारलाई सरकारले निरन्तरता दिएको छ । यो एक वर्षको अवधिमा राष्ट्रिय साइबर सुरक्षा रणनीति २०७८, राष्ट्रिय प्रसारण (एघारौँ संशोधन) नियमावली २०७८, रेडियो सञ्चार ( लाइसेनस) (पाँचौँ संशोधन) नियमावली २०७८ र चलचित्र ( निर्माण प्रदर्शन तथा वितरण) ( सातौँ संशोधन) नियमावली २०७८, मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आएको छ ।

त्यसैगरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले राष्ट्रिय सूचना प्रविधि विकास समिति ( गठन) (तेस्रो संशोधन) आदेश २०७८, सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका २०७८ स्वीकृत तथा नागरिक एप्स (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०७८ र फाइब जीलगायत नयाँ प्रविधिसम्बन्धी कार्यविधि २०७८ जारी गरेको छ ।

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ बमोजिन विज्ञापन ( नियमन गर्ने) नियमावली २०७७ स्वीकृत भई विदेशी टेलिभिजन च्यानलको प्रसारणमा २०७७ कात्तिक ८ गतेदेखि विज्ञापनरहित नीति कार्यान्वयनमा आएको छ । सञ्चार मन्त्रालयले ‘डिजिटल नेपाल फ्रेमवर्क २०७६’ अनुसार यो एक वर्षको अवधिमा सूचना तथा सञ्चारको पहुँचमा वृद्धि गरेको छ । हालसम्म २५ स्थानीय तहका कार्यालय, २५० वडा कार्यालय, १२० सामुदायिक विद्यालय र २२२ स्वास्थ्य केन्द्र गरी ७३८ स्थानीय तहका कार्यालय, छ हजार १९० वडा कार्यालय, पाँच हजार २९९ सामुदायिक विद्यालय र चार हजार २३७ स्वास्थ्य केन्द्रमा इन्टरनेट जडान कार्य सम्पन्न भएको छ ।

पन्धौँ आवधिक योजनाले ‘डिजिटल नेपाल फ्रेमवर्क’लाई रुपान्तरणकारी आयोजनाको रूपमा लिएको छ । सो रुपान्तरणकारी आयोजनाअन्तर्गत फ्रेमवर्कले यातायात, सञ्चार, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त र कृषि गरी विभिन्न आठ क्षेत्र र ८० वटा क्रियाकलाप तय गरेको थियो । सञ्चार मन्त्रालयका प्रवक्ता उत्तरकुमार खत्रीले राससँगको कुराकानीमा ‘डिजिटल नेपाल फ्रेमवर्क २०७६’ कार्यान्वयनको चरणमा रहेको जानकारी दिनुभयो । प्रवक्ता खत्रीले भन्नुभयो, “फ्रेमवर्कअन्तर्गत अहिले अटोमेशन नामक सफ्टवेयर चलाएका छौँ, इन्टरनेट, इमेल थ्रु काम गरिरहेका छौँ, टिप्पणी पनि यहीँबाट हुन्छ, त्यति मात्रै होइन, अहिले विश्व बैंकको सहयोग पनि प्राप्त भएको छ ।” यो कामलाई पूर्णता दिनका लागि डिजिटल नेपाल एक्सप्रेसन प्रोजेक्ट सञ्चार मन्त्रालयले अवलम्बन गरेको र यसबाट डिजिटल फ्रेमवर्कलाई कार्यान्वयन गर्दै लैजान सहयोग पुग्ने बताइएको छ । एकीकृत कार्य व्यवस्थापन प्रणालीअन्तर्गत अहिले मन्त्रालयअन्तर्गतका निकायमा टिप्पणी, चिट्ठी, पत्राचार, कर्मचारीको बिदा, हाजिरीलगायतका काम डिजिटल प्रणालीमै भइरहेको बताउँदै प्रवक्ता खत्रीले अब साउनदेखि सिंहदरबारभित्रका अन्य मन्त्रालय र कार्यालयमा पनि लागू हुने जानकारी समेत दिनुभयो ।

मन्त्रिपरिषद्बाट स्वीकृत सो फ्रेमवर्कको कार्यक्रम कार्यान्वयन योजनामा इन्टरनेटलाई आधारभूत/अत्यावश्यक सेवाको रूपमा स्थापित गर्ने, फाइब जी नेटवर्क विस्तार गर्ने, अप्टिकल फाइबर नेटवर्क निर्माण गर्ने, सार्वजनिक सेवा प्रवाहको लागि उच्च गतिको इन्टरनेट कनेक्टिभिटी पुऱ्याउने, कागजरहित सरकारको अवधारणालाई साकार रुप दिने र डिजिटल हस्ताक्षरको कार्यान्वयन गर्ने भनिएको छ ।

विद्युतीय सुशासनको कडीको रूपमा रहेको सरकारी विद्युतीय (अनलाइन) सेवालाई एकीकृत प्रणालीमार्फत सर्वसाधारण समक्ष पुऱ्याउन तथा सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउन नागरिक एप्सको अन्तिम संस्करण सञ्चालनमा आएको सञ्चार मन्त्रालयले जनाएको छ । नेपाल टेलिकममार्फत प्रारम्भ गरिएको फोरजी सेवाको पहुँच करिब ४७ स्थानीय तहमा विस्तार गरिएको छ । यो सेवा ७३२ स्थानीय तहमा विस्तार भई ४५.६ प्रतिशत पुगेको छ । अप्टिकल फाइबरमा आधारित फाइबर टु द होम सेवा विस्तार भई मुलुकका २०९ मुख्यमुख्य शहरमा विस्तार भएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार मध्यपहाडी लोकमार्ग र आसपासका जिल्ला सदरमुकाम जोड्ने गरी अप्टिकल फाइबर बिछ्याई सूचना महामार्ग निर्माण गर्ने कार्य भइरहेको छ । कूल एक हजार ५५७ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्य सम्पन्न भई हालसम्म १२ हजार १२९ किलोमिटर अप्टिकल फाइबर बिछ्याउनुका साथै मुक्तिनाथ मन्दिर र अन्नपूर्ण सर्किटअन्तर्गतका स्थानमा सार्वजनिक वाइफाइ हटस्पट सञ्चालनमा छ ।

सरकारले मोबाइल डिभाइस व्यवस्थापन प्रणाली राष्ट्रिय सूचना प्रविधि केन्द्रमा जडान गरी प्रारम्भिकरूपमा सञ्चालन गरिएको छ । त्यसबाट राजस्व चुहावट नियन्त्रण गर्न तथा मोबाइलको माध्यमबाट हुने आपराधिक क्रियाकलाप नियन्त्रण गर्न सघाउ पुग्ने सरकारको अपेक्षा छ । विद्यार्थी सङ्ख्याको आधारमा न्यूनतम १२ र अधिकतम ३० डेक्सटप कम्प्युटर तथा मल्टिमिडिया, ल्यापटप र स्क्रिनसहितको सूचना प्रविधि प्रयोगशाला १८५ सामुदायिक माध्यमिक विद्यालयमा स्थापना गरिएको छ । सूचना प्रविधि प्रयोगशाला स्थापना भएका सामुदायिक माध्यमिक विद्यालयको सङ्ख्या एक हजार पुगेको छ ।

“राष्ट्रिय फ्रिक्वेन्सी निर्माण योजना र रणनीति तयार गरी फ्रिक्वेन्सी वितरण प्रणालीलाई पारदर्शी र व्यवस्थित गर्न राष्ट्रिय स्पेक्टर्म रणनीति तयार गरिएको छ”, करिब ७५१ सरकारी निकायलाई विद्युतीय हाजिरी यन्त्र वितरण गरिएकामा हाल ५८७ निकायमा सञ्चालनमा रहेको आर्थिक सर्वेक्षण २०७८/७९ मा उल्लेख छ । त्यस्तै ४८२ स्थानीय तहमा सफ्टवेयर वितरण भएकामा ३५७ स्थानीय तहमा सञ्चालनमा रहेको उल्लेख छ ।

साझा पूर्वाधारमार्फत सरकारी निकायलाई कम लागतमा सर्भर, मेमोरी, स्टमेरेज र नेटवर्क उपलब्ध गराउँदै आएका सरकारी क्लाउडमा हालससम्म २९५ सरकारी निकायका लागि उक्त निकायका सूचना प्रविधि प्रणाली सञ्चालन गर्न स्रोत उपलब्ध गराइएको छ ।

विदेशमा दर्ता भएका वायुयानमा नेपालको आकाश ( १० हजार फिटभन्दा माथि) मा दूरसञ्चार सेवा प्रदान गर्न इनफ्लाइट/एरोनटिकल दूरसञ्चार सेवा खुला गरिएको छ । त्यसका साथै विकासशील दशको लागि स्पेक्ट्रम व्यवस्थापन प्रणाली तथा नेपाल दूरसञ्चार प्राधिकरणको जिबिटिआइएमएसलगायतका उच्च गणना आवश्यकता भएका प्रणाली सञ्चालन गर्न कार्यस्टेशन प्रयोगमा आएको छ ।

राष्ट्रिय साइबर आपत्कालीन उद्धार टोली ( एनसीइआरटी) सदस्य तथा साइबार सुरक्षा सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धिअन्तर्गत आव २०७७/७८ मा एनसीइआरटी सदस्य तथा सूचना प्रविधिका ३० कर्मचारीलाई वेबीनारमार्फत साइबर ड्रिलको तालिम गरिएको छ । सरकारी निकायका सूचना प्रविधिलाई सुरक्षित, भरपर्दो बनाउन र साइबर सुरक्षाको चुनौती न्यूनीकरण गर्न ४४ सरकारी निकायका सूचना प्रविधि प्रणालीको सूचना प्रविधि सुरक्षण परीक्षण (आइटी सेकयुरिटी अडिट) गरिएको छ ।

त्यसैगरी सरकारी निकायका सूचना प्रविधि प्रणालीलाई थप भरपर्दो र एकापसमा अन्तरआबद्ध हुने गरी निर्माण र सञ्चालनको व्यवस्थापन गर्न सरकारी उद्यम परीक्षण (जीइए) को मापदण्ड, निर्देशिका र आर्टी फ्याक्टर रेस्पिरेटर तयार भई कार्यान्वयनमा आएको छ ।

विद्युतीय भुक्तानीलाई महालेखा नियन्त्रणको कार्यालयको विद्युतीय कोष हस्तान्तरण प्रणालीसँग आबद्ध गरिएको छ । त्यसका साथै एकीकृत एसएसएस गेटवे सञ्चालनमा आएको छ । हाल महान्यायाधिवक्ताको कार्यालय, यातायात व्यवस्था विभाग र भौतिक पूर्वाधार विकास मन्त्रालय र बागमती प्रदेशमा सो प्रणाली प्रयोग भइरहको छ ।

मोबाइल वित्त सेवा परीक्षणको रूपमा सञ्चालनमा आएको छ । डिजिटल टान्सफर्मेशनको आधारशीलाको रूपमा रहेको ‘फाइबर टु होम’ सेवम हालसम्म ८२ सहर/सहरोन्मुख क्षेत्रमा विस्तार भई हालसम्म ६४ जिल्लाका २०९ सहर/सहरोन्मुख क्षेत्रमा विस्तार भएको छ । ‘स्थानीय तहका लागि कमन टेम्प्लेटमा निर्मित मोबाइल एप्स’ को स्तरोन्नति गरी स्थानीय तहले प्रयोग गरिरहेको वेबसाइटसँग अन्तरआबद्धता गरिएको छ । साथै सेवा प्रदायकको पेमेन्ट गेटवेसँग समेत अन्तर आबद्ध हुन गरी डिजिटल वालेटको स्तरोन्नति गरिएको छ । सो एप्स ६६४ स्थानीय तहमा प्रयोगमा आएको छ त्यसलाई हाल नागरिक एप्ससँग अन्तरआबद्धता गर्ने कार्यसमेत भइरहेको छ ।

नेपाल टेलिभिजनको प्रसारणलाई डिजिटल रुपान्तरण गर्न पाल्पा, हेटौँडा र बूढीतोलामा टावर निर्माण कार्य यसै वर्ष सम्पन्न भएको छ । त्यसैगरी पर्वत, रुकुम र डडेल्धुरामा टावर निर्माणको कार्य सुरु गरिएके छ । मन्त्रालयले हवाई डाँक ढुवानीतर्फ कर्णालीका चार जिल्ला (जुम्ला, हुम्ला, मुगु र डोल्पा) मा र सङ्खुवासभा जिल्लामा हवाईजहाजमार्फत ढुवानी सेवा पनि यसै वर्ष सञ्चालनमा आएको छ ।

अन्तर्राष्ट्रिय हुलाक वस्तुको लागि नेपाल एयरलाइन्ससँग २०७८ असार १५ मा सम्झौता भई कतार, मलेसिया, युनाइटेड अरब इमिरेट्समा डाँक ढुवानी सुरु गरिएको थियो । एयर इण्डियामार्फत जाने डाँकको ढुवानी हुँदै आएको छ । हुलाक सेवा विभागमा दर्ता चलानीको

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# तराई-मधेसमा दैनिक गर्मी बढ्यो

**अजयकुमार साह**
धनुषा, ३१ असार (रासस)।

तराई-मधेसमा दैनिक गर्मी बढ्दै गएको छ। असार सकिन लाग्दा पनि पानी पर्न नसक्दा अत्यधिक गर्मीले धनुषासहित मधेस प्रदेशका जिल्लाको जनजीवन प्रभावित भएको छ।

जनकपुरधामसहित तराई-मधेस क्षेत्रमा एक सातादेखि निरन्तर टन्टलापुर घाम लाग्दा जनजीवन प्रभावित बनेको छ। एक सातादेखि तराई क्षेत्रको अधिकतम तापक्रम मध्याह्नपख ३५ देखि ३८ डिग्री सेल्सियसको हाराहारीमा हुन्छ।

बिहान सबेरैदेखि साँझसम्म नै एकनाशले टन्टलापुर घाम लाग्दा अत्यधिक गर्मी भई जनजीवन प्रभावित बनेको छ। बेलाबेलामा सामान्य वर्षा भए पनि यस क्षेत्रमा गर्मी कम हुन सकेको छैन। पानी परेर मौसम उघ्रिनासाथ अत्यधिक गर्मी हुने गरेको छ। चर्को घाम र अत्यधिक गर्मीका कारण मानिसलाई मध्याह्नको समयमा घर बाहिर निस्कनै मुस्किल पर्ने गरेको स्थानीयले बताएका छन्।

दिनमा मुख्य बजारका सडक सुनसान हुने गरेको छ। सरकारी कार्यालयमा सेवाग्राहीको सङ्ख्या घटेको छ। गर्मीका कारण विद्यालय, उद्योग व्यवसाय सबै प्रभावित भएका छन्। दिनभरि सडक र सरकारी कार्यालय सुनसान रहने गरेको छ। अत्यन्त चर्को घाम र छहारीमा बस्दासमेत तर्तरी पसिना आउने प्रचण्ड गर्मीले सर्वसाधारणको दैनिक जीवन कष्टकर बन्दै गएको हो।

झरी पर्नुपर्ने समयमा दिनभर टन्टलापुर घाम लाग्दा धान रोपाइँ प्रभावित बनेको छ। असार महिना सक्ने बेलामा समेत यस वर्ष धनुषासहित मधेस प्रदेशका अन्य जिल्लामा पर्याप्त वर्षा हुन सकेको छैन। खेतमा जम्ने गरी पानी नपर्दा रोपाइँ प्रभावित भएको हो।

एक साताअघि दुई दिन सामान्य झरी परे पनि त्यसपछि रोपाइँ गर्न हुने गरी पानी परेको छैन। कृषि ज्ञानकेन्द्र धनुषाका अनुसार नहर, कुलो र बोरिङ लाग्ने खेतमा मात्र रोपाइँ थालिएको छ भने बाँकी खेतमा अझै रोपाइँ हुन सकेको छैन।

पानी नपरेर अत्यधिक गर्मी हुँदा गर्मीजन्य सङ्क्रमणका बिरामी पनि बढिरहेका छन्। गर्मीका कारण घाउ, खटिरा, आउँमासी, टाइफाइड ज्वरो, झाडापखालालगायत सरुवा रोगका बिरामीको चाप पनि स्थानीय अस्पताल तथा स्वास्थ्य संस्थामा बढ्न थालेको चिकित्सक बताउँछन्।

गर्मी छल्न ग्रामीण भेगका मानिस चौतारी र रुखको छहारीमा बस्ने गरेका छन्। गर्मीले विद्यालय जानुपर्ने ससाना बालबालिकासँगै वृद्धवृद्धा, अशक्त, किसान र मजदुर बढी प्रभावित भइरहेका छन्। जनकपुरधाममा अस्पताल, शिक्षण संस्था तथा स्वास्थ्य केन्द्रमा गर्मी मौसममा लाग्ने विभिन्न रोगका बिरामीको चाप पनि दिन प्रतिदिन बढ्दै गएको जनाइएको छ।

प्रादेशिक अस्पताल जनकपुरधामका प्रवक्ता डा केडी दासका अनुसार अहिले दैनिक भाइरल ज्वरो, टाइफाइड, निमोनियाका बिरामी बढेका छन्। पसिना अत्यधिक आउने र पर्याप्त पानी सेवन नगर्दा डिहाइड्रेसनका बिरामी बढेका डा दासको भनाइ छ।

समयमा पानी नपर्दा र अत्यधिक गर्मीले गर्दा कक्षाकोठामा विद्यार्थीलाई पठनपाठनमा समस्या हुने गरेको धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-६ स्थित माध्यमिक विद्यालय सखुवाबजारका प्रधानाध्यापक सन्तोष यादव बताउनुहुन्छ।

प्रअ यादवले अत्यधिक गर्मीले विद्यार्थी पढाउने बेलामा कापी किताब समातेर हम्कने गर्दा उनीहरूको ध्यान पढाइमा केन्द्रित गर्न समस्या पर्ने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "अत्यधिक गर्मीले कक्षाकोठामा पढाउनै समस्या पर्ने गरेको छ, गर्मीकै कारण विद्यार्थीको ध्यान केन्द्रित गर्नै समस्या पर्ने गर्छ।" उहाँले अत्यधिक गर्मी, त्यसमाथि विद्युत् आउनेजाने समस्याले विद्यार्थी समस्यामा परेको बताउनुभयो।

क्षीरेश्वर जनता उच्च माध्यमिक विद्यालय महेन्द्रनगरका प्रधानाध्यापक बाबुसाहेव यादवले अत्यधिक गर्मीले विद्यार्थीको छालामा समस्या देखिएको बताउनुभयो। "अत्यधिक गर्मीले विद्यार्थीको शरीरमा घमौरा, बिमिरा देखिन थालेका छन्", उहाँले भन्नुभयो, "घमौराले गर्दा शरीर चिलाउने गर्दा उनीहरूलाई पढाइमा ध्यान केन्द्रित गर्न समस्या पर्ने गरेको छ।" समयसमयमा विद्युत् सेवा अवरुद्ध हुँदा पनि विद्यार्थीमा झनै समस्या देखिएको प्रअ यादवले बताउनुभयो।

गर्मीका कारण नानीबाबुलाई विद्यालय पुऱ्याउन र ल्याउनै समस्या पर्ने गरेको अभिभावक दिनेश गुप्ता बताउनुहुन्छ। "विद्यालयमा पङ्खा भए पनि गर्मीले साना नानीबाबुलाई घरबाट विद्यालय लैजान र घर ल्याउनै समस्या पर्ने गरेको छ", गुप्ताले भन्नुभयो, "बिहान विद्यालय लैजान त सजिलै हुन्छ तर दिउँसो बिदा भएपछि घर ल्याउँदा बच्चा गर्मीले रातोपिरो भइसक्छन्।"

अभिभाव ज्योति झाले गर्मीका कारण नानीबाबु सुत्न नसक्ने र घरीघरी पानी पिउन खोज्ने गरेको बताउनुभयो। "समयसमयमा विद्युत् लाइन काटिँदा घरभित्रै बस्न सकिँदैन", झाले भन्नुभयो, "अत्यधिक गर्मी बढेपछि असार २९ देखि साउन २६ गतेसम्मका लागि जनकपुरधाम उपमहानगरपालिकाभित्रका सबै सामुदायिक विद्यालय बन्द गरेर गर्मी बिदा दिइएको छ।

यता गर्मी बढेसँगै बजारमा हरेक वर्ष चिसो पेयपदार्थको माग ह्वात्तै बढ्छ र यो वर्ष झनै त्यसको मात्रा बढेको छ। अहिले गर्मी बढेसँगै चिसो पेय पदार्थको बिक्री बढेको छ। अहिले जनकपुरधाम बजारका होटल तथा चोकचोकमा लस्सीका साथै चिसो पेय पदार्थको व्यापार गर्नेको सङ्ख्या पनि बाक्लै देखिन थालेको छ।

अहिले बजारमा उखुको जुस, सर्वत, बरफ, कुल्फी, आइसक्रिमको व्यापार पनि एकाएक बढेको जनकपुर जानकी चोकका चन्दे लस्सी पसलका सञ्चालक चन्दे साहले बताउनुभयो। गर्मी छल्न, तथा तिर्खा मेटाउन मानिसले चिसो खाने गरेका कारण व्यापार बढेको हो। एकाएक चिसो पेय पदार्थको बिक्री बढेपछि व्यवसायीलाई पुऱ्याउनै हेम्मेहम्मे परेको बताइएको छ।

दैनिक उखुको रस पेल्दै आएका जनकपुरधामका शम्भुप्रसाद गुप्ताले बिहानदेखि साँझसम्म चिसो पिउनेको भीड लाग्ने गरेको बताउनुभयो। महेन्द्रनगरका विशाल डेरीका सञ्चालक विजय यादवले कुल्फी, आइसक्रिमको बिक्री वितरण बढेको बताउनुभयो।

## *सरकारको वर्ष दिन...*

कार्यलाई स्वचालन प्रणाली (अफिस अटोमेसन सिस्टम) नामक वेभ बेस्ट सफ्टवेयर मा सञ्चालन गरी डिजिटल दर्ता चलानीको सुरुआत गरिएको छ। सतही डाँकअन्तर्गत गोश्वारा हुलाक कार्यालयबाट ११, हुलाक निर्देशनालय विराटनगरबाट छ, हलाक निर्देशनालय पोखराबाट ११, हुलाक निर्देशनालय सुर्खेतबाट ११ र हुलाक निर्देशनालय दिपायलबाट १७ गरी जम्मा ५६ वटा सम्झौता भई डाँक ढुवानी कार्य भइरहेको छ। यसै वर्ष नेपालको पार्सलको हिसाबमा मूल्य निर्धारण गर्न युपियुले जारी गर्ने दररेटमा प्राप्त गर्न सकिने ४० प्रतिशत बोनसमध्ये पार्सल ढुवानी मापदण्डको भ्यालीडेशन युपियुलाई पेश गरिएको छ। त्यसमार्फत ढुवानी मापदण्डले पाँच प्रतिशत बोनस सुनिश्चित भएको छ। पछिल्लो समय इन्टरनेट ग्राहक घनत्व एक १६.९१ प्रतिशत पुगेको छ।

सातवटै प्रदेशमा चलचित्र छायाङ्कनस्थल विकास गर्ने उद्देश्यले सबै प्रदेशमा छायाङ्कनस्थल विकास गर्न उपयुक्त हुने स्थान पहिचान भएको छ। चलचित्र विकास बोर्डका अनुसार उत्कृष्ट चलचित्र निर्माणका लागि स्टोरी बैंकको अवधारणा कार्यान्वयन गर्न मौलिक कथाहरूको सङ्कलन गरी स्टोरी बैंक तयार भएको छ। देशभित्र नै सुरक्षित मुद्रण कार्य आरम्भ गर्न सुरक्षित मुद्रणका लागि आवश्यक यन्त्र/उपकरण तथा सफ्टवेयरसहितको सुरक्षण मुद्रण मेसिन खरिद गरी जडान प्रक्रिया अगाडि बढेको छ। साथै सुरक्षण मुद्रण छापाखानाको लागि आवश्यक पर्ने तीन लाख लिटर क्षमताको फियुल टैंकको आपूर्ति तथा जडान कार्य सम्पन्न भएको छ। अहिलेसम्म चार करोड १४ लाख ५४ हजार ७४८ मोबाइल फोन प्रयोगमा रहेका छन्। मोबाइल सेवाको विस्तारसँगै आधारभूत (फिक्स्ड) टेलिफोनको सङ्ख्या कम हुँदै गएको छ। सरकारले २०७८ फागुनसम्म टेलिफोन घनत्व १३९.८६ प्रतिशत र इन्टरनेट ग्राहक घनत्व ११६.९१ प्रतिशत पुऱ्याएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी ब्रोडब्याण्ड सेवा उपलब्ध गराउने १८ वटा प्याकेजमार्फत ७४ जिल्लाका तोकिएबमोजिमका स्थानमा जडान कार्य सम्पन्न भई सेवा सञ्चालनमा रहेको जानकारी दिनुभयो।

त्यसैगरी भूकम्पबाट अति प्रभावित आठ जिल्ला (काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) को सबै स्थानीय तहको कार्यालय, वडा कार्यालय र विद्यालयमा दुई वर्षसम्मको लागि निःशुल्क इन्टरनेट पुऱ्याउन समझदारीपत्रमा हस्ताक्षर गरी कार्य अगाडि बढेको उहाँको भनाइ छ।


## डा. आदर्श कुमार सिंह
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


# विश्व समाचार

## श्रीलंका राष्ट्रपतिको राजिनामा स्वीकृत

कोलम्बो, ३१ असार (रासस/एएनआई)।

श्रीलङ्कामा देशैभरि वृहत् विरोध प्रदर्शन भइरहँदा शुक्रबार सभामुख महिन्दा यापा अबयवार्देनाले गोटाबाया राजपाक्षले राष्ट्रपतिको रुपमा दिएको राजिनामा स्वीकृत भएको बताउनुभएको छ। "राष्ट्रपतिको राजीनामा स्वीकृत भएको छ। आवश्यक कानुनी प्रक्रियापछि संसद् सदस्यलाई भोलि नयाँ राष्ट्रपति निर्वाचित गर्न आमन्त्रित गरिनेछ," सभामुख अबेयवार्देनाले एएनआईसँग भन्नुभयो। आन्दोलनकारीको निरन्तरको दबावलाई साम्य पार्ने प्रयासस्वरूप सम्बोधन गर्दै एबेयवार्देनाले जुलाई १४ देखि राष्ट्रपतिले कानुनी रूपमा आफ्नो कानुनी कर्तव्य र जिम्मेवारीबाट राजीनामा दिएको बताउनुभयो। उहाँले संसदद्वारा नयाँ राष्ट्रपति निर्वाचित गर्ने टुङ्गो नलागेसम्म श्रीलङ्काका प्रधानमन्त्री रनिल विक्रेमसिङ्हेलाई अन्तरिम राष्ट्रपतिको रूपमा शपथ दिइने पनि बताउनुभयो। श्रीलङ्काको संविधानको धारा ४० तथा १९८१ को विशेष प्रावधानको ऐन नं. २ व्यवस्था भए बमोजिम राष्ट्रपति चयन गरिने अबेयवार्देनाले बताउनुभयो। उहाँले थप्नुभयो, "यो प्रक्रिया सफलतापूर्वक र छिटो पूरा गर्ने मेरो मनसाय हो। प्रजातान्त्रिक परम्परालाई पवित्र राख्ने दक्षिण एसियाली क्षेत्रको सबैभन्दा पुरानो प्रजातन्त्र भएकाले यो प्रक्रियालाई पारदर्शी र प्रजातान्त्रिक ढङ्गले पूरा गर्नु श्रीलङ्काको इतिहासमा मात्र नभइ विश्वको प्रजातान्त्रिक इतिहासमा पनि एउटा कोसेढुङ्गा हुनेछ।"उहाँले यस लोकतान्त्रिक प्रक्रियामा सहयोग गर्न पार्टीका नेता, राज्य पदाधिकारी र सुरक्षाकर्मीबाट सहयोगको लागि अनुरोध गर्नुभयो। एबेयवार्देनाले भन्नुभयो,"शान्तिपूर्ण वातावरण सिर्जना गर्नका लागि श्रीलङ्काका हाम्रा सम्मानित र प्रिय नागरिकलाई मेरो विशेष अपिल छ। यसले संसद्का सबै सदस्यलाई स्वतन्त्रतापूर्वक संसद्मा उपस्थित हुन र आफ्नो अन्तस्करणअनुसार कार्य गर्न अनुमति दिनेछ।"सात दिनभित्र राष्ट्रपतिको निर्वाचन प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने लक्ष्य रहेको सभामुखले प्रस्ट पार्नुभयो। यसैबीच सिङ्गापुरको परराष्ट्र मन्त्रालयले राजपाक्षलाई निजी भ्रमणमा सिङ्गापुर प्रवेशको अनुमति दिएको पुष्टि गरेको छ। मन्त्रालयले भनेको छ, "उहाँले शरण माग्नुभएको छैन। शरण दिइएको पनि छैन।"माल्दिभ्सबाट बिहीबार साँझ साउदी एअरलाइन्सको उडानमा सिंगापुर पुगेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। राजपाक्ष र उहाँकी पत्नी सिंगापुरमै रहने र मध्यपूर्वतर्फको थप यात्रा नगर्ने बताइएको छ। यसअघि विभिन्न सञ्चारमाध्यमद्वारा सार्वजनिक समाचारमा साउदी एअरलाइन्सको विमान एसभी-७८८ सिंगापुर पुगेका श्रीलङ्काका राष्ट्रपति र उहाँकी पत्नी साउदी अरबको जेदा जाने रिपोर्ट गरिएको थियो। जुलाई ९ मा प्रदर्शनकारीको भीडले राष्ट्रपतिको निवासमा आक्रमण गरेपछि ७३ वर्षीय राजपाक्ष देशको कुनै स्थानमा लुकेर बस्नुभएको थियो। यसपछि राजपाक्ष आफ्नी पत्नीसँगै सुटुक्क माल्दिभ्सतर्फ जानुभएको थियो। उहाँले गत बुधबार आफ्नो राजीनामा पत्र हस्तान्तरण गर्ने घोषणा गर्नुभएको थियो। उहाँको अनुपस्थिति र राष्ट्रपति पदबाट राजीनापछि मुलुकको संवैधानिक व्यवस्था अनुसार प्रधानमन्त्री रनिल विक्रेमसिङ्घेलाई श्रीलङ्काको अन्तरिम राष्ट्रपति नियुक्त गरिएको थियो। शनिबार फोर्टस्थित राष्ट्रपति भवनमा हजारौँ प्रदर्शनकारी प्रवेश गरी कार्यालय कब्जा गरेपछि राजपाक्ष त्यहाँबाट सुरक्षाकर्मीको सहयोगमा भागेर सुरक्षित स्थानमा जानुभएको थियो। प्रधानमन्त्री रनिल विक्रेमसिङ्घेसमेतले जारी विरोधकाबीच आफ्नो पदबाट हट्ने घोषणा गर्नुभएको छ।

## अन्तरिम राष्ट्रपतिमा शपथ

कोलम्बो ३१ असार (रासस/एएनआई)।

भूतपूर्व राष्ट्रपति गोटाबाया राजापाक्षको राजीनामा संसदका सभामुख महिन्दा यापा अबेवर्देनाले स्वीकृत गरेपछि श्रीलङ्काका प्रधानमन्त्री रनिल विक्रमासिङ्घेले शुक्रबार अन्तरिम राष्ट्रपतिको रूपमा शपथ लिएका छन्। विक्रमासिंघेले प्रधानन्यायाधीश जयन्थ जयसूर्यासमक्ष कार्यबाहक राष्ट्रपतिको शपथ लिएका छन्। श्रीलङ्कामा देशैभरि वृहत् विरोध प्रदर्शन भइरहँदा शुक्रबार सभामुख महिन्दा यापा अबयवार्देनाले गोटाबाया राजपाक्षले राष्ट्रपतिको रुपमा दिएको राजिनामा स्वीकृत भएको बताउनुभएको थियो। औपचारिक रूपमा राष्ट्रपति पद छाडेर सिङ्गापुर पुगेका गोटाबाया राजापाक्षेले हिजो राजीनामा पत्र बुझाएका हुन्। संसद्का सभामुख अबेवर्देनाले एएनआईलाई भने, "हो, राष्ट्रपतिको राजीनामा स्वीकृत भएको छ, कानुनी प्रक्रिया अगाडि बढ्नेछ, सदस्यहरूलाई भोलि (राष्ट्रपति चयन गर्न) आमन्त्रित गरिने छ।"

## अमेरिकामा एक हजारभन्दा बढीमा मङ्कीपक्स

लस एन्जलस, अमेरिका, ३१ असार (रासस/सिन्ह्वा)।

संयुक्त राज्य अमेरिकाले बुधबारसम्म ४३ वटा राज्यमा एक हजारभन्दा बढी विरामीमा मङ्कीपक्स सङ्क्रमण भेटिएको पुष्टि गरेको छ। अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सिडिसी) को पछिल्लो तथ्याङ्कअनुसार क्यालिफोर्नियामा सबैभन्दा धेरै १६१ जना मङ्कीपक्सबाट सङ्क्रमित भएका छन्। त्यसैगरी न्यूयोर्कमा एक ५९ र इलिनोइमा एक ५२ जनामा उक्त सङ्क्रमण पुष्टि भएको छ। अमेरिकी स्वास्थ्य तथा मानव सेवा विभागको पछिल्लो तथ्याङ्कअनुसार बिफर र मङ्कीपक्स रोकथामका लागि सङ्केत गरिएको अमेरिकी खाद्य तथा औषधि प्रशासनद्वारा अनुमति प्राप्त खोप (जेवाईएनएनईओएस) को एक लाख ३२ हजारभन्दा बढी मात्रा राष्ट्रव्यापी रूपमा मंगलबारसम्म लगाइएको छ। विशेषज्ञहरूको भनाइअनुसार सङ्क्रमित बढ्दै गएपछि स्थानीयस्तरमा मङ्कीपक्सको खोपको अभाव देखिएको छ।

# अम्पायरिङ तथा स्कोरिङ तालिम सुरु



**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

नेकोस राष्ट्रिय क्रिकेट संघको आयोजना तथा इलाम जिल्ला क्रिकेट संघको ब्यबस्थापनमा शुक्रबारदेखी इलाममा तीन दिने 'ओ' लेभल क्रिकेट अम्पायरिङ तथा स्कोरिङ तालिम सुरु भएको छ ।

इलाम नगरपालिकाका मेयर केदार थापाले कार्यक्रमको उदघाटन गर्दै जिल्लामै पहिलो पटक यस किसिमको कार्यक्रम आयोजना गरेकोमा नेकोस राष्ट्रिय क्रिकेट संघलाई धन्यबाद दिए । साथै उनले इलाममा वि.सं २०४२ ४३ तिर क्रिकेट भित्रिएपनि यो खेलको विकास विस्तार हुन नसकेको अवस्थामा यो कार्यक्रमले जिल्लामा क्रिकेट गतिबिधिहरु बढने विश्वास ब्यक्त गरे ।

कार्यक्रम उदघाटनको क्रममा बोल्दै नेकोस राष्ट्रिय क्रिकेट संघका अध्यक्ष बिप्लभ घोषले नेपालको मेची देखी महाकाली सम्म क्रिकेटमय बनाउने अभियान अन्तर्गत यो कार्यक्रम आयोजना गरेको बताए । उनले नेपाल क्रिकेट संघसँगको सहकार्य तथा जिल्ला र प्रदेश क्रिकेट संघको समन्वयमा अगामी दिनहरुमा यस्ता कार्यक्रमहरुलाई निरन्तर रुपमा अगाडी बढाउने बताए ।

नेकोस राष्ट्रिय क्रिकेट संघको मुल उद्देश्य नै ग्रासरुट क्रिकेटलाई माथी उठाउने तथा बिभिन्न जिल्लाहरुमा क्रिकेट गतिबिधिहरु संचालन गर्ने अध्यक्ष घोषले बताए । उनका अनुसार नेपालमा महिला क्रिकेटको सम्भावना भएपनि महिला क्रिकेट प्रतियोगिताहरु कम आयोजना भएको हुँदा निकट भबिष्यमै नेकोस राष्ट्रिय क्रिकेट संघले महिला क्रिकेट प्रतियोगिता आयोजना गर्ने बताए ।

कार्यक्रमका मुख्य प्रशिक्षक तथा आइसीसी प्यालनका अम्पायर बुद्धी बहादुर प्रधानले नेकोस राष्ट्रिय क्रिकेट संघले आयोजना गरेका यस किसिमको कार्यक्रमले नेपालको हरेक ठाउँमा क्रिकेट चलायमान हुने र भविष्यमा देशले राम्रा अम्पायर र स्कोर पाउने आशा ब्यक्त गरे ।

कार्यक्रममा आईसीसी प्यानल अम्पायर बुद्धी बहादुर प्रधान सहित लेभल टु अम्पायर कमलेश ठाकुरले प्रशिक्षण दिनेछन ।

उदघाटन कार्यक्रममा प्रदेश नम्बर एक क्रिकेट संघका सदस्य टिकाराम पुरी, जिल्ला क्रिकेट संघ इलामका अध्यक्ष अर्जुन पौडेल, जिल्ला समन्वय समिति कार्यालय इलामका सदस्य लगायत क्रिकेटसँग सम्बन्धित बिभिन्न ब्यत्तित्वहरुको उपस्थिती रहेको थियो ।

कार्यक्रममा नेपालका बिभिन्न स्थानबाट महिला तथा पुरुष प्रशिक्षार्थीहरुले सहभागिता जनाएका छन । कार्यक्रम तिन दिनसम्म चल्ने नेकोस राष्ट्रिय क्रिकेट संघका सह सचिब चेतनाथ पौडेलले बताए ।

# चालु आव सकिन दुई दिन बाँकी : १० खर्ब ३५ अर्ब राजश्व संकलन

काठमाडौँ, ३१ असार (रासस) ।

सरकारले चालु आर्थिक वर्षमा कूल रु ११ खर्ब ८० अर्बभन्दा बढी राजश्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । नेपाल सरकारको हिसाबकिताब राख्ने महालेखा नियन्त्रक कार्यालयको विवरणलाई हेर्ने हो भने हालसम्म रु १० खर्ब ३५ अर्ब बराबरको राजश्व सङ्कलन गरेको छ । कार्यालयका अनुसार सरकारले रु ११ खर्ब ८० अर्ब ६० करोड चार लाख बराबरको राजश्व सङ्कलन गर्ने लक्ष्य राखेकामा हालसम्म रु १० खर्ब ३५ अर्ब ३९ करोड ४४ लाख बराबर राजश्व सङ्कलन गरेको छ । यो कूल लक्ष्यको ८७.७ प्रतिशत बराबर हो ।

कार्यालयका अनुसार रु १० खर्ब ६७ अर्ब ९६ करोड २५ करोड बराबरको कर राजश्व सङ्कलन गर्ने लक्ष्य राखेकामा हालसम्म रु नौ खर्ब ५७ अर्ब ४१ करोड ४४ लाख बराबरको सङ्कलन गरिएको छ । यो कूल लक्ष्यको ८९.६५ प्रतिशत बराबर हो ।

त्यस्तै गैरकर राजश्वतर्फ रु एक खर्ब १२ करोड ६३ करोड ७९ लाख बराबर सङ्कलन गर्ने लक्ष्य राखेकामा हालसम्म रु ७७ अर्ब १९ करोड सात लाख बराबर सङ्कलन भएको छ । यो कूल लक्ष्यको ६९.२३ प्रतिशत बराबर हो ।

वैदेशिक अनुदानतर्फ रु ५९ अर्ब ९१ करोड ९९ लाख प्राप्त हुने लक्ष्य राखेकामा हालसम्म रु १३ अर्ब ८८ करोड ३३ लाख अर्थात् २३.१७ प्रतिशत बराबर प्राप्त भएको छ । चालु आव सकिन दुई दिन बाँकी छ । यसबीचमा कर तथा गैरकर राजश्व थप केही बढ्न सक्छ । सरकारले सबै स्रोतबाट प्राप्त गरेको रकमको मात्रा कूल लक्ष्यको ८८.४१ प्रतिशत बराबर रहेको कार्यालयको विवरणले जनाएको छ ।

कार्यालयका अनुसार सरकारले कूल लक्ष्यको ७८.२२ प्रतिशत बराबरको खर्च गरेको छ । चालु आवमा रु १६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख बराबर खर्च गर्ने लक्ष्य राखेको थियो । त्यसमध्ये हालसम्म रु १२ खर्ब ७७ अर्ब २० करोड बराबर खर्च गरेको छ । त्यसमा चालु खर्चको मात्रा बढी छ । चालु आवमा रु १० खर्ब ६५ अर्ब २९ करोड ३९ लाख बराबरको बजेट चालु खर्चमा राखेको थियो । त्यसमध्ये रु नौ खर्ब ६१ अर्ब ४८ करोड २६ लाख बराबर खर्च भएको छ । यो कूल लक्ष्यको ९०.२६ प्रतिशत हो ।

यसैगरी विकास निर्माणका लागि विनियोजन गरिएको पूँजीगत खर्च पनि रु दुई खर्ब माथि पुगेको छ । सरकारले पूँजीगततर्फ रु तीन खर्ब ७८ अर्ब नौ करोड ७७ लाख बराबरको बजेट विनियोजन गरेको थियो । त्यसमध्ये हालसम्म रु दुई खर्ब छ अर्ब ३६ करोड ९७ लाख बराबर खर्च भएको छ । यो कूल विनियोजनको ५४.५८ प्रतिशत बराबर हो ।

यस्तै वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको मध्ये हालसम्म ५७.७२ प्रतिशत बराबरको बजेट खर्च भएको छ । सरकारले रु एक खर्ब ८९ अर्ब ४३ करोड ७६ लाख बराबरको बजेट वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको थियो । त्यसमध्ये हालसम्म रु एक खर्ब नौ अर्ब ३४ करोड ७७ लाख बराबरको रकम उपलब्ध गराइसकेको छ । सरकारले लिएका विभिन्न ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि वित्तीय व्यवस्थामार्फत बजेट नै विनियोजन गर्ने गरेको छ । कूल लक्ष्यमध्ये हालसम्म ५७.७२ प्रतिशत बराबरको ऋणको भुक्तानी गरेको छ ।

सरकारले गत जेठ १५ गते आगामी आवको बजेट प्रस्तुत गर्दा चालु आवमा कूल सरकारी खर्च रु १४ खर्ब ४७ अर्ब ५१ करोड अर्थात् ८८.६ प्रतिशत हुने संशोधित अनुमान प्रस्तुत गरेको थियो ।

कूल सरकारी खर्चमध्ये चालु खर्च रु नौ खर्ब ७१ अर्ब ८६ करोड अर्थात् ९१.२ प्रतिशत, पूँजीगत खर्च रु तीन खर्ब नौ करोड अर्थात् ७९.४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ७५ अर्ब ५६ करोड अर्थात् ९२.७ प्रतिशत खर्च हुने संशोधित अनुमान प्रस्तुत गरिएको थियो ।

कोभिड-१९ महामारीको विषम परिस्थितिबीच हालसम्मको राजश्व सङ्लन अवस्था सन्तोषजनक रहेको भन्दै सरकारले चालु आर्थिक वर्षमा राजश्व परिचालन लक्ष्यको हाराहारीमा नै रही रु ११ खर्ब ५२ अर्ब ४२ करोड सङ्कलन हुने अनुमान गरेको थियो । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १८ प्रतिशतले बढी हो । चालु आर्थिक वर्ष वैदेशिक सहायतातर्फ अनुदान रु २४ अर्ब ८१ करोड र ऋण रु एक खर्ब ७२ अर्ब ८८ करोड परिचालन हुने संशोधित अनुमान थियो ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



## जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

## खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं। अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*